# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

विज्ञप्ति

"नेपालीका लागि नेपाली" भन्ने मुलमन्त्रसहित स्थापना भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) को विश्व सम्मेलन एवं ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन तथा विश्व ज्ञान सम्मेलन सफलतापूर्वक सम्पन्न भएको छ। महाधिवेशनमा संसारभरिका ५९ मुलुकका ४ हजार २ सय ७० प्रतिनिधि भौतिक र अनलाइनमार्फत सहभागी भएका थिए। । कुल मत संख्याको ९३.७ प्रतिशत अर्थात ३९५८ जनाले संघको निर्वाचनमा उत्साहजनक सहभागिता जनाएका छन्।

महाधिवेशनमार्फत डा बद्री केसीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको छ। ७४ पदमध्ये विभिन्न पदमा २३ जना निर्विरोध निर्वाचित भएका छन्। १० वटा पदमा उम्मेदवारी नपरेकोले विधानतः छनोट गरिनेछ। अन्य ४९ प्रतिनिधि विभिन्न पदमा निर्वाचित भएका छन्। निर्वाचनको सम्पूर्ण नतिजा र भेरो भोटिङ्गबाट प्राप्त स्पष्टीकरण संघको वेभसाइटमा हेर्न सक्नुहुनेछ। यसै पत्रसाथ पनि उक्त विवरण संलग्न गरिएको छ।

संघको नयाँ कार्यसमितिको निर्वाचनको परिणाम सार्वजनिक गर्ने क्रममा भएको सामान्य प्राविधिक असावधानीलाई समेत निर्वाचन गर्ने जिम्मेवारी लिएको अष्ट्रेलियन कम्पनी 'भेरो भोटिङ्ग'ले स्पष्टीकरणसहित सच्चाएर अन्तिम नजिता प्रकाशन गरिसकेकोले त्यसमा कुनै समस्या नरहेको र निर्वाचन समितिले सपथ तथा प्रमाणपत्र वितरणको काम समेत सम्पन्न गरिसकेको छ।

निर्वाचन परिणामलाई लिएर अध्यक्षका प्रत्यासीद्धय राजेन्द्र कुमार शर्मा र महेश श्रेष्ठले उठाएको विश्वशनीयताको प्रश्नमाथि छानबिन गर्न गैरआवासीय नेपाल संघ तयार रहेको जानकारीसहित स्वतन्त्र र निश्पक्ष छानबिनको लागि एक उच्चस्तरिय समिति गठन गर्न अन्तर्राष्ट्रिय आइटी विज्ञहरुको नाम पठाउन दुवै जनालाई २२ अक्टोवर २०२३, कै दिन पत्राचार गरिसकिएको छ।

निर्वाचन नितान्त लोकतान्त्रिक पद्धत्ति हो यसर्थ लोकतान्त्रिक पद्धत्तिबाट सम्पन्न निर्वाचनको परिणाम मान्नु नै हरेक मतदाताको मतको उच्च सम्मान हो। प्राविधिक रुपमा भएको सामान्य समस्यालाई कारण देखाई मतदाताको मतको अवमूल्यन गर्नेसम्मको कार्य पक्कै पनि उचित हुँदैन। तर, पछिल्लो समय गैरआवासीय नेपाली संघको ११ औं महाधिवेसनबाट निर्वाचित डा. बद्री केसीको नेतृत्वमा रहेको कार्यसमितिलाई विवादमा पार्ने र गैरआवासीय नेपाली संघको अभियानलाई विभाजनतर्फ धकेल्नेगरि विभिन्न अवान्छित गतिविधिहरु बढीरहेकोले नेपाल सरकारसहित सम्पूर्ण गैरआवासीय नेपाली अभियन्ता, शुभचिन्तक, सञ्चारकर्मी लगायत समस्त सरोकारवालाको ध्यानाकर्षण गराउँदछौं। साथै यस्ता गतिविधिप्रति सचेत रहन सबै गैरआवासीय नेपाली संघका राष्ट्रिय समितिहरुलाई समेत आग्रह गरिन्छ।

सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेल, परराष्ट्रमन्त्री एनपी साउदलगायत विभिन्न मन्त्रीहरू, राजदूतहरू, कूटनीतिक नियोगका प्रमुख, नेपाल सरकारका उच्च पदस्थ अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षलगायतका पदाधिकारी, गैरआवासीय नेपाली संघका पूर्वअध्यक्षहरु, पदाधिकारीहरू, अग्रज तथा अभियन्ताहरु प्रति गैरआवासीय नेपाली संघ हार्दिक धन्यवाद व्यक्त गर्दछ।

अन्त्यमा, नेपालीहरुको महानचाडं बडा दर्शै, तिहार, छठ लगायत सबै पर्वको उल्लासमय बनाउन गैरआवासीय नेपाली संघ आब्हान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछ।

गैरआवासीय नेपाली संघ

२३ अक्टोवर २०२३

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4511530/4526005 info@nrna.org www.nrna.org